annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २५० पृष्ठ १० | काठमाडौं, मंगलब... ११४५ | TUESDAY, JANUARY 14, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## असारभित्र १ लाखलाई लालपुर्जा दिन्छौं



हरिप्रसाद रिजाल

**इजलास**

२०४६ सालदेखि हालसम्म ढेड दर्जन आयोग गठन भए। तर, दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान भएनन्। आयोगहरू अधिकार सम्पन्न नहुँदा सुकुम्बासीले जग्गाको लालपुर्जा पाउन सकेनन्। केपी ओली नेतृत्वको सरकारले अधिकार सम्पन्न आयोग गठन गरी काम सुरु गरेको छ।

१. देशभरिको भूमि समस्या समाधान गर्न आयोग गठन गरिएको छ। दुई महिना अघि आयोगले पदाधिकारी पायो। जिल्ला अध्यक्षहरू पनि चयन भए। अब द्रुतगतिमा काम हुन्छ।
२. भूमि समस्या समाधानका लागि आयोगमा १० लाख ९६ हजार ६७० वटा निवेदन परेको थियो । धेरै निवेदनको प्रक्रिया अन्तिम चरणमा छ। विगतको आयोगको कामको स्वामित्व लिएर बाँकी काम थालेका छौं।
३. भूमि समस्या समाधानका लागि कानुनमा सुधार गरेका छौं। वितरण गरिने जग्गाको पहिचान र थप जग्गाको खोजी गरिएको छ। अब वन, उत्पादनशील जग्गा र निकुञ्जलाई भेरिफाइ गर्छौं।
४. तीन वर्षभित्र भूमिका समस्या समाधान गर्छौं। लालपुर्जा माग्दै परेका निवेदनमाथि छानबिन गरेर लालपुर्जा दिन्छौं।
५. पहिलो चरणमा भूमिहीन दलित सुकुम्बासीलाई लालपुर्जा दिन्छौं। त्यसपछि अव्यस्थित बसोबासीको समस्या समाधान गर्छौं।
६. छुटफुटका लागि ३५ दिने सूचना आह्वान गर्छौं। हुकुमबासीलाई लालपुर्जा दिनेलाई कानुनी डन्डा चलाइन्छ। यसअघि वितरण गरिएका अबैध जग्गाहरू फिर्ता ल्याउँछौं। नक्कली, किर्ते र जग्गा कब्जा गर्न दिइने छैन। विगतमा पीडितलाई न्याय दिलाइन्छ।
७. असार मसान्तभित्र १ लाख भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्ति बसोबासीलाईलाई लालपुर्जा दिन्छौं।

*(रिजाल भूमि समस्या समाधान आयोगका अध्यक्ष हुन्।)*

**भित्री पृष्ठ**




संविधान संशोधन किन ? - पृष्ठ ४


कभर स्टोरी

# पुसमा मात्रै १,२५० टन तरुल आपूर्ति

उखानै छ, 'पुसमा पाके माघमा जाके।' अर्थात् पुसमा पकाएर माघमा खाने। तरुललाई पुस मसान्तका दिन पकाएर माघ १ गते खाने परम्परा छ। सांस्कृतिक महत्व र स्वास्थ्यबर्द्धक मानिने तरुल, सखरखण्ड जस्ता कन्दमूलजन्य उत्पादनको माग पुसमा मात्रै करिब ७५ प्रतिशत हुने गरेको छ। यस्ता उत्पादनको स्वदेशमै सम्भावना अधिक भए पनि अझै आयातमा करोडौं रुपैयाँ बाहिरिरहेको छ। मुलुकभित्रै उत्पादन सम्भावना भए पनि सरकारले प्रवर्द्धन गरेर आत्मनिर्भर बनाउन पहलकदमी गरेको देखिन्न।

ममता थापा | *काठमाडौं*

- को रिपोर्ट




विगत ५ आर्थिक वर्षमा कन्दमूलजन्य वस्तु आयातको अवस्था (रु.)

| आर्थिक वर्ष | सखरखण्ड | तरुल |
|---|---|---|
| २०७६/७७ | १५,८५५,२७७ | ८,१९८ |
| २०७७/७८ | १९,९२६,२८१ | १,१५९,४९६ |
| २०७८/७९ | २५,८४२,३२५ | ४४,९७० |
| २०७९/८० | २९,३७९,७८० | – |
| २०८०/८१ | ६,७२१,२७१ | ६३९,१८२ |
| २०८१/८२ मंसिरसम्ममा | ९१२६००० | १००,००० |

समाचार पृष्ठ २

# कुनै दल फुटाउने कुकर्म गर्दिनँ : प्रधानमन्त्री



**राजकरण महतो** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि राजनीतिक दल फुटाउने आफ्नो उद्देश्य नरहेको स्पष्ट पारेका छन्। दलसम्बन्धी कानुनलाई सच्याउनुपर्ने आवश्यकता भए पनि कुनै दललाई फुटाउने र मिलाउने काम आफ्नो नभएको प्रधानमन्त्री ओलीले स्पष्ट परे।

नेपाल पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीलाई सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बधाई तथा शुभकामना दिँदै प्रधानमन्त्री ओलीले दल विभाजन गराउनेसम्बन्धी अध्यादेश ल्याउन लाग्यो भन्ने खबर झुटो रहेको बताए। 'कुनै पनि दल मिल्ने र फुट्ने ती दलको आन्तरिक विषय हो', प्रधानमन्त्री ओलीले भने।

विगतमा आफू प्रधानमन्त्री हुँदा कुनै दल विभाजन हुने स्थिति आएमा संसदीय दल र केन्द्रीय कमिटी दुवैमा ४० प्रतिशत पुऱ्याउनुपर्ने प्रावधानले संविधान कार्यान्वयनमा जटिलता आएकाले संसदीय दल वा केन्द्रीय कमिटीमा ४० प्रतिशतको प्रबन्ध गरेर अध्यादेश ल्याउँदा विरोध गरेको उनले गुनासो गरे। विरोधपछि अध्यादेश फिर्ता लिएको स्मरण गर्दै

प्रधानमन्त्री ओलीले थपे, 'तर, तिनै विरोध गर्नेहरूले लाज शरम पचाएर २० प्रतिशत सांसदले पनि विभाजन गर्न पाउने भन्ने व्यवस्था गरेर दल विभाजन गरायो। तर, म त्यस्तो कुकर्म गर्ने मनशायमा छैन।' प्रधानमन्त्री ओलीले देश विकास र जनताका सेवालाई ध्यानमा राखेर सरकारले राष्ट्रपतिसमक्ष विभिन्न अध्यादेश सिफारिस गरेको स्पष्ट पारे। उनले भने, 'नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबाट त्यसको विरोध भयो भन्ने झुटो वक्तव्य प्रचार गरिएका जस्ता घटनाबाट नेपाली पत्रकारिता टाढै बस्नु पर्छ।' भ्रामक सूचना र समाचारका कारण जनताको सूचनाको हकको घाँटी निमोठिने भएकाले लोकतन्त्रको दुरुपयोग हुन नदिन पत्रकार महासंघले त्यसको नियन्त्रणमा काम गर्नुपर्नेमा उनले जोड दिए।

देश र जनताका पक्षमा दिन र रात नभनी काम गरेको प्रधानमन्त्री ओलीले स्पष्ट पारे। 'सरकारले राष्ट्रपति समक्ष विभिन्न अध्यादेशहरू जारी गर्नका लागि सिफारिस गरेको थियो। तर, अध्यादेशलाई राताराता जारी गऱ्यो भनेर भ्रामक समाचार सम्प्रेषण गरियो', प्रधानमन्त्री ओलीले आपत्ति जनाउँदै भने, 'हामी १०-५ को जागिर खान आएका होइनौं। देश र जनताप्रतिको जिम्मेबारी बोध गरेर दिउँसो वा राति काम हुन्छ। लुकाएर र छलछाम गरेर काम गर्ने मेरो बानी छैन। देशका हितमा खुलेआम काम गर्ने हो।'

प्रधानमन्त्री ओलीले विपक्षी पार्टीका नेताहरूलाई प्रश्न गर्दै भने, 'राम्रो काम राति गर्न हुन्न भन्ने छ र? के बिहान साइत पारेर भ्रष्टाचार गरेमा त्यो राम्रो हुन्छ र?'

सञ्चार क्रियाकलापका नाममा किर्ते र जाली काम रोक्ने काम गर्न सरकारले कानुन ल्याउने प्रधानमन्त्री ओलीले स्पष्ट पारे। प्रधानमन्त्री ओली भने, 'पत्रकारको पेसागत सुरक्षा हुनुपर्ने र त्यसमा राज्यको भूमिका हुन्छ, म विश्वास दिलाउँछु।' पत्रकारहरू नयाँ नेपाल निर्माणका पाटपुर्जा रहेका प्रधानमन्त्रीले बताए।

» बाँकी पृष्ठ ६

## हात खाली नजाने अन्नपूर्ण ग्राहक योजना सुरु

**काठमाडौं** (अन्नपूर्ण) : अन्नपूर्ण मिडिया नेटवर्कले हात खाली नजाने 'जसले पढ्छ, अवश्य पर्छ' वार्षिक ग्राहक योजना आजबाट सुरु गरेको छ। अन्नपूर्ण पोस्ट् र द अन्नपूर्ण एक्सप्रेसको ग्राहक नवीकरण गर्ने र नयाँ वार्षिक ग्राहक बन्ने पाठकले ग्राहक बन्नासाथ हातहातै उपहारै उपहार पाउने भएका छन्। अन्नपूर्ण पोस्ट्को वार्षिक ग्राहक शुल्क ३ हजार ४ सय रुपैयाँ र द अन्नपूर्ण एक्सप्रेसको पनि वार्षिक ग्राहक शुल्क ३ हजार ४ सय रुपैयाँ नै रहेको छ।

'अन्नपूर्ण पोस्ट् र द अन्नपूर्ण एक्सप्रेसमा यो ग्राहक योजना लागू छ', अन्नपूर्ण मिडिया नेटवर्कका बिक्रीवितरण विभाग प्रमुख कृष्णभक्त श्रेष्ठले भने, 'ग्राहक बन्नासाथ उहाँहरूले हातहातै उपहार पाउनुहुनेछ।' वार्षिक ग्राहक बन्नेले हातहातै वन्डरल्यान्डको १५ सय रुपैयाँको भौचर प्राप्त गरी रोमाञ्चित खेलको मज्जा लिन सक्नेछन्।

साथै आईएनआई सिनेमाको मुभी भौचर पनि पाउनेछन्। यो नलिने ग्राहकले आफ्नो इच्छानुसार छनोट पनि गर्न पाउनेछन्। जसमा नगद ५ सयदेखि ३४ सय सम्मको नगद छुटको स्क्र्याच कार्डका साथै आईएनआई सिनेमाको मुभी भौचर र अन्नपूर्ण केबलकारको टिकट उपलब्ध छन्।

त्यसैगरी साप्ताहिक पुरस्कारमा हरेक हप्ता लक्की ड्रबाट ओप्पोको मोबाइल फोनसहित ट्र्याङ्कुलिटी स्पाको ५ हजारको भौचर पाउनेछन्। मासिक पुरस्कारमा वासिङ मेसिनसहित ट्र्याङ्कुलिटी स्पाको ५ हजारको भौचर उपलब्ध गराइनेछ। देशभर लागू भएको यो वार्षिक ग्राहक योजना ४ महिनासम्म सञ्चालन हुनेछ।

# भूमि समस्या ३ वर्षमा सक्ने प्रतिबद्धता

## ७१ जिल्लामा भूमि आयोग गठन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले तीन वर्षभित्र भूमिसम्बन्धी समस्या स्थायी रूपमा समाधान गर्ने भन्दै ७१ जिल्लामा जिल्ला भूमि आयोग गठन गरेको छ। कहिल्यै नटुंगिने समस्याका रूपमा रहेको भूमिसम्बन्धी समस्यालाई तीन वर्षभित्र स्थायी रूपमा समाधान गर्ने सरकारको दाबी छ। सरकार नै गठबन्धनको आधारमा सञ्चालन भइरहेको अवस्थामा भूमिसम्बन्धी आयोगमा पनि कांग्रेस एमालेले भागबन्डा गरेका छन्। ७७ जिल्लामध्ये कांग्रेस र एमालेले ३७/३७ जिल्लाको अध्यक्ष लिने सहमति भएको छ।

तीन जिल्ला मधेसी दललाई दिइएको छ। सरकारले गत कात्तिक १३ गते भूमि समस्या समाधान गर्न १६औं आयोग गठन गरेको थियो। प्युठानका एमाले नेता हरिप्रसाद रिजालको अध्यक्षतामा आयोग गठन भएको छ। त्यो आयोगको विस्तार गर्दै सरकारले ७१ जिल्ला समिति बनाएको हो।

७१ जिल्लाका भूमि समस्या समाधान आयोगका जिल्ला अध्यक्षलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले शपथ गराएका छन्। पहिलो चरणमा प्राविधिक कारणले तेह्रथुम, रौतहट, पर्वत, जुम्ला, बझाङ र कञ्चनपुर गरी ६ जिल्लामा गठन हुन बाँकी छ।

हाल मुलुकमा ११ लाखभन्दा बढी परिवार भूमिहीन र अव्यवस्थित बसोबासको समस्यामा रहेका प्रारम्भिक तथ्यांक प्राप्त भएको मन्त्री अधिकारीले जानकारी दिए। 'यसबाट के स्पष्ट हुन्छ भने देशमा २० प्रतिशतभन्दा बढी भूमिहीन दलित, सुकुम्बासी र अब्यवस्थीत बसोबासी छन्', उनले भने।

भूमि व्यवस्थामन्त्री अधिकारीले तीन वर्षभित्र भूमि समस्या स्थायी रूपमा समाधान हुने बताए। 'यो आयोग अन्तिम हुनेछ, यसले भूमिसम्बन्धी सम्पूर्ण समस्या समाधान गर्ने छ', उनले भने। भूमिसम्बन्धी समस्या समाधान गर्न कानुनी उल्झन छन्। उनले



कानुनी उल्झनका कारण पनि भूमिसम्बन्धी समस्या बल्झिरहेको बताउँदै स्थायी रूपमा भूमिसम्बन्धी समस्या समाधान गर्न कानुन नै सम्बोधन गरेर अघि बढेको पनि जानकारी दिए। भूमि र सहकारी क्षेत्रको समस्या समाधान वर्तमान सरकारको उच्च प्राथमिकतामा रहेकाले अध्यादेशमार्फत भूमि ऐन र सहकारी नियमन प्राधिकरण गठन गरिएको उनले जानकारी दिए। उनले भने, 'संसद्मार्फत ऐन ल्याउँदा लामो समय लाग्ने र समस्या समाधानमा बिलम्व हुने देखेर सरकारले फाष्टट्र्याकमार्फत ऐन ल्याएको हो।'

उनका अनुसार भविष्यमा सरकारी जग्गामा अन्धाधुन्ध बसोबास गर्ने प्रवृत्तिलाई सदाको लागि बन्द गरी बन तथा सरकारी सार्वजनिक जमिन जोगाउन पनि यो समस्याको समाधान आवश्यक छ। यता राष्ट्रपति रामचन्द्र पौडेलले अध्ययन गर्ने भन्दै भूमिसम्बन्धी अध्यादेश भने जारी गरेका छैनन्।

मन्त्री अधिकारीले भूमि समस्या समाधान आयोगका जिल्ला अध्यक्षहरूलाई कुनै हालतमा ३ वर्षभित्र सबै जिल्लामा देखिएका भूमि समस्या स्थायी रूपमा समाधान गर्ने गरी काम गर्न निर्देशन दिएका छन्।

समस्या समाधानका लागि तीन तहको सरकारबीच आवश्यक समन्वय र सहकार्य गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह एकसाथ परिचालन हुने पद्धति तय गरिएको उनले बताए। भूमि अधिकारकर्मी जगत देउजाले यो आयोग सफल हुनुपर्ने बताए। भूमिसम्बन्धी समस्या समाधान नभएमा सबैभन्दा बढी भूमिहीन दलित र सुकुम्बासीलाई अनि अव्यवस्थित बसोबासीलाई अन्याय हुने उनको भनाइ छ। 'लामो समयदेखि नेपालका भूमिहीन र सुकुम्बासीको समस्याको उपयुक्त सम्बोधन हुन सकेको छैन। उनीहरू दशकौंदेखि भूमि हकको पर्खाइमा छन्।

अब भूमि समस्या समाधान आयोगको जिल्ला समिति पनि बनेको अवस्थामा सबैले जिम्मेवार भएर काम गर्नुपर्ने हुन्छ', उनले भने, 'यसपटक काम हुने अपेक्षा लिइएको छ। यो आयोग सफल हुनै पर्छ।

यो समस्या समाधान भएन भने यसले सबभन्दा बढी भूमिहीन दलित र सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई अन्याय हुन पुग्छ। अन्तिम आशमा भूमिहीन र अव्यवस्थित बसोबासी छन्। यस आसलाई निराशामा बदल्न दिनुहुँदैन।'

२०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि ०४७ सालमा बलबहादुर राईको संयोजकत्वमा गठित आयोगदेखि हालसम्म १६ वटा आयोग गठन भइसकेका छन्। तर, न सुकुम्बासीका समस्या समाधान भएका छन् न अव्यवस्थित बसोबासको समस्या नै सुल्झेको छ। सरकार परिवर्तनसँगै आयोग गठन र खारेज हुने कार्य चल्दै आएको छ।

मन्त्री अधिकारी पनि २०५१ सालको ऋषिराज लुम्सालीको आयोगबाहेक काम अन्यको सन्तोषजनक नरहेको स्वीकार गर्छन्। लुम्साली नेतृत्वको आयोगले २४ हजार ४७० सुकुम्बासी, २४ हजार ५२ अव्यवस्थित बसोबासी, १९५ कमैया, तीन हजार ३०२ बाढीपहिरो पीडित गरी ५८ हजार ३४० परिवारलाई जग्गा वितरण गरेको थियो।